बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
चौतारा अस्पताल सिन्धुपाल्चोक

प.सं. : २०८३/०८४
च.नं. :

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०४/२६ गते**

## खाजाघर (क्यान्टीन) संचालनका लागि सिलवन्दी दरभाउ पत्र (कोटेशन) आव्हानको सूचना

यस चौतारा अस्पताल सिन्धुपाल्चोकमा कार्यरत स्वास्थ्यकर्मी/कर्मचारी, विरामीहरू, विरामीहरूको कुरूवा तथा सेवाग्राहीको सुविधाको लागि अस्पताल परिसर भित्र खाजाघर (क्यान्टीन) संचालन गर्नुपर्ने भएको हुदाँ क्यान्टीन खाजाघर संचालन गर्न अनुमती प्राप्त योग्यता पुगेका इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी,व्यवसायीहरूलाई देहाय अनुसारको शर्तको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वक सिलवन्दी दरभाउ पत्र (कोटेशन) पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. सिलवन्दी दरभाउ फाराम (कोटेशन) प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको (२०८३/०५/०१ गते) कार्यालय समय भित्र रू. १०००।- (फिर्ता नहुने गरि) यस कार्यालयको कार्यालय कोड नं. ३७००१२७०१३ राजश्व शिर्षक नं. १४२२९ प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय सिन्धुपाल्चोकको नेपाल बैक लिमिटेड खाता नं. २७२०२०००००१००१००००००१ जम्मा गरेको सक्कल भौचर, उक्त कार्य गर्न पाउने फर्मको नविकरण भएको इजाजत प्रमाणपत्र, मु. अ. कर दर्ता प्रमाण पत्र तथा आ. व. २०८१/०८२ को कर चुक्ता र म्याद थप गरेको प्रमाण पत्रको प्रतिलिपी निवेदन साथ संलग्न राखि यस अस्पतालबाट खरिद गर्न सकिने छ।

२. खरिद गरेको दरभाउपत्र रित पूर्वक भरि प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औ दिनको (२०८३/०५/०२ गते) १२ : ०० वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका दरभाउ पत्रहरू सोही दिनको १ : ०० वजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधीहरूको रोहवरमा खोलिने छ। निजहरूको प्रतिनिधी उपस्थिती नभए पनि सिलवन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउ पत्र विक्री गर्ने तथा दाखिला गर्ने **अन्तिम दिन विदा पर्न गएमा** सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

४. दरभाउपत्र दाताले कवोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ र केरमेट वा थप घट गर्नुपर्ने भएमा बुझिने गरि आधिकारीक व्यक्तिको सही र फर्मको छाप लगाएको हुनुपर्ने छ।

५. सिलवन्दी दरभाउ पत्र साथ जमानत वापतको रकम रू. ५०००।-(पाँच हजार मात्र) नेपाल बैक लिमिटेड सिन्धुपाल्चोक चौतारा शाखामा रहेको प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय सिन्धुपाल्चोकको धरौटी खाता नं ०५७०२०००००२००३००००००१ यस अस्पतालको कार्यालय कोड नं. ३७००१२७०१३ मा जम्मा गरेको रकमको सक्कलै बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य वैकहरूवाट यस अस्पतालको नाममा जारी गरिएको वोलपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तिमा ९० (नव्वे) दिन म्याद भएको जमानत पत्र ( बैक ग्यारेन्टी) पेश गर्नुपर्ने छ। यसरी पेश गरिने जमानत वापतको बैंक भौचर वा बैक ग्यारेन्टी यो सूचना प्रकाशित भएको मिति पछिको लाई मात्र मान्यता दिइनेछ।

६. सिलबन्दी दरभाउपत्र फारम आंशिक वा पूर्ण रूपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार अस्पतालमा सुरक्षित रहनेछ।

७. दरभाउ पत्रमा उल्लेखित खाजा, खानाको सवै आइटमहरूको दररेट भर्नुपर्ने छ। आंशिक दररेट मात्र भरेको दरभाउपत्र मुल्यांकनमा समावेश गरिने छैन।

८. रित नपुगेको, म्याद नाघी आएको, सही छाप नभएको, केरमेट भई अंक र अक्षर नवुझिएको दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन सिलवन्दी दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ।

९. अस्पतालले तोकेको मापदण्ड पुरा गरी स्वस्थ सफा र स्वास्थ्यकर खाजा, खाना खुवाउनु पर्ने छ।

१०. अस्पतालको क्यान्टीन २४ सै घण्टा संचालन गर्नुपर्ने छ।

११. सिलवन्दी दरभाउ पत्र मा नपरेको खाजा, खानाको आइटम थप भएमा अस्पतालले तोकेको दरमा उपलव्ध गराउनु पर्ने छ।

१२. अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नम्बर ०११-६२०४६१ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१३. यस सूचनामा नपरेका कुराहरू सिलवन्दी दरभाउ पत्र फारम तथा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन २०८३) र नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

| सि.नं. | ठेक्का नं. | विवरणहरू | सिलवन्दी दरभाउ पत्र फारम जमानत रकम | सिलवन्दी दरभाउ पत्र फारम दस्तुर | क्यान्टीन संचालनको लागि भाडा मासिक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | CHC/sindhupalchok /01-083/084 | खाजाघर (क्यान्टीन) संचालन गर्ने कोठा, कुर्सी टेवुल अस्पतालले उपलव्ध गराउने र अन्य फर्निचर, क्यान्टीन संचालन गर्न चाहिने सम्पूर्ण सामाग्रीहरू संचालक स्वयमूले व्यवस्था गर्नुपर्ने) | ५०००।- | १०००।- | १२०००।- | |

मेडिकल सुपरिटेन्डेन्ट

☎ ०११-६२०४६१ Email : chautarahospital@gmail.com website : https://chautarahospital.gov.np/